म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २८६ मंगलबार, १९ जेठ २०८३ ने. सं. ११४६ अनलागा 2 June 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तीनदिनमा १३ जना लागुऔषध कारोबारी पक्राउ

हेटौंडा, १८ जेठ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागुऔषधविरुद्धको सक्रियतालाई तीव्रता दिँदै तीन दिनको अवधिमा १३ जनालाई पक्राउ गरेको छ । जेठ १५ गतेदेखि १७ गतेसम्म जिल्लाका विभिन्न स्थानमा चलाइएको विशेष सुरक्षा जाँच र खानतलासीका क्रममा ठुलो परिमाणमा प्रतिबन्धित लागुऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिइएको हो । प्रहरीले बरामद गरेको सामग्रीमा ३५ ग्राम १० मिलिग्राम ब्राउनसुगर (खैरोहेरोइन), २६० मिलिग्राम चरेस, २३ ग्राम २१० मिलिग्राम गाँजा र ट्रामाडोल क्याप्सुल रहेका छन् । पक्राउ पर्नेहरुमा बाराको कलैयाका राजन जैसवाल, निजगढका सर्जुक साह र रौतहट बौधिमाईका रोहित पटेल रहेका छन् जसको साथबाट ३४ ग्रामभन्दा बढी ब्राउनसुगर बरामद भएको थियो । त्यसैगरी, हेटौंडा उपमहानगरका विभिन्न वडाबाट आकाश कुमार, राज अधिकारी, राजुबाबु शर्मा, सहदेव अर्जेल, कालुराम गिरी, मनोज महर्जन, रामचन्द्र मोक्तान र अनुष्का क्षेत्रीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । बकैयाका समिर स्याङतान र चितवन भरतपुरका करण स्याङतान पनि प्रतिबन्धित लागूपदार्थसहित पक्राउ परेका हुन् ।

### प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर बागमती प्रदेशसभामा चर्को विरोध

# 'नेपालको प्रधानमन्त्री हो कि भारतको प्रवक्ता ?'

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ प्रधानमन्त्री बालेन शाहले प्रतिनिधि सभामा बोलेको 'नेपालले पनि भारतको भूमि मिचेको हुनसक्ने' अभिव्यक्तिलाई लिएर बागमती प्रदेशसभामा चर्को विरोध भएको छ ।

बागमती प्रदेशसभाको सोमबारको बैठकमा विशेष समयमा बोल्दै सांसदहरुले प्रधानमन्त्री शाहको अभिव्यक्तिप्रति खेद प्रस्तावको माग उठाएका छन् । सांसदहरुले प्रधानमन्त्रीको अभिव्यक्तिले राष्ट्रिय स्वाधीनतामाथि खलल पुगेको, विश्वसामु नेपालको शीर झुकेको भन्दै संसद्बाट देश र जनतासँग क्षमायाचना गर्न अनुरोध गरेका छन् । नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले विशेष समयमा बोल्दै भारतले पनि स्वीकारेको नेपालको जमिन र कहिल्यै कसैले नबोलेको विषयमा बोलेर प्रधानमन्त्रीले इतिहासमा कालो धब्बा पोतेको बताए ।

विश्वसामु भारतको भूमि मिच्ने नेपालीको रुपमा दर्ज गराउने कार्य प्रधानमन्त्रीबाट भएकोले संसद मार्फत् जनतासँग माफमाग्न अनुरोध गरे । थपलियाले प्रधानमन्त्रीको भनाइलाई 'राष्ट्रकै अपमान'को संज्ञा दिँदै अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि धुमिल बनाएको आरोप लगाए । 'भारतीय सञ्चारमाध्यमले समेत यस्ता दाबी नगरेको अवस्थामा आफ्नै प्रधानमन्त्रीबाट यस्तो अभिव्यक्ति आउनु दुःखद् हो,' उनले भने । बागमती प्रदेशसभाबाट प्रधानमन्त्रीको अभिव्यक्तिप्रति खेद प्रकट गर्नुपर्ने थपलियाले माग राखेका छन् । प्रधानमन्त्री शाहको भूमिकाप्रति आशंका पैदा भएको नेता थपलियाको भनाइ छ ।

'मेयर हुँदा विशाल नेपालको नक्सा आफ्नो कार्यकक्षमा राखेको हैन ? त्यो नक्सा राखेर नागरिकको भावना भड्काउने काम गरेको र आज किन नेपालले



भारतको भूमि मिचेको भन्नुहुन्छ ?' नेकपाका सांसद गंगानारायण श्रेष्ठले प्रश्न गरे । परराष्ट्र मन्त्रालयको प्रष्टोक्तिमा पनि श्रेष्ठले प्रश्न उठाउँदै नेपालले एकठाउँ, दुईठाउँ नभई धेरै ठाउँमा भारतको भूमि मिचिएको भनेर प्रधानमन्त्रीले अभिव्यक्ति दिएकोमा आपत्ति जनाए । सीमाविवादको विषयमा प्रधानमन्त्रीको अभिव्यक्ति अक्षम्य, देशद्रोही र राष्ट्रघाती भएको श्रेष्ठले आरोप लगाए ।

नेकपाकै सांसद सरल सहयात्री पौडेलले काठमाडौं महानगरको मेयर हुँदा कार्यकक्षमा ग्रेटर नेपालको नक्सा राखेकोमा अप्रत्यक्षरुपमा भारतसँग माफी मागेर आत्मसमर्पण गर्न खोजेको हो ? भन्दै प्रश्न गरेका छन् । उनले प्रधानमन्त्री शाह 'नेपालको प्रधानमन्त्री हो कि भारतको प्रवक्ता हो' भनी प्रश्न गरे । राप्रपा संसदीय दलका नेता उद्धव थापाले देशको हरेक परिवर्तन पछाडि जनताले धेरै ठूलो आशा गरी परिवर्तन हुँदै गएको तर, जनताले निराशा मात्रै पाएको बताए । आजसम्म कसैले प्रमाणित गर्न नसकेको विषयमा प्रधानमन्त्रीले संसद्मा नेपालले भारतको भूमि मिचेको अभिव्यक्तिलाई लिएर आपत्ति जनाए ।

सरकारले १०० दिन नपुग्दै जनताको मुटुमाथि बाणहान्ने काम गरेको भन्दै खेद प्रकट गरे । 'लिपुलेक, लिम्पियाधुराको विषयमा बोल्न छोडेर प्रधानमन्त्रीले नेपालले भारतको भूमि मिचेको अभिव्यक्ति दिनु खेदजनक छ,' उनले भने । नेपाली कांग्रेसका सांसद पुकार महर्जनले प्रधानमन्त्रीले भारतले मात्र नभई नेपालले पनि भारतको भूमि मिचेको भनेर दिएको अभिव्यक्तिको भर्त्सना गरे । प्रधानमन्त्रीको अभिव्यक्तिले राष्ट्रियता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनतामाथि खलल पुग्नसक्ने उनले बताए । इतिहासमा पहिलोपटक राष्ट्रिय स्वाधीनतामाथि खतरा पुगेको महसुश भएको सांसद महर्जनको भनाइ छ ।

प्रधानमन्त्रीलाई बोली फिर्तालिन महर्जनले अनुरोध गरे । प्रदेश सांसद तथा पूर्वमन्त्री कृष्णप्रसाद सिलवालले सारा नेपालीको शीर निहुरिने गरी नेपालले भारतको भूमि ठाउँठाउँमा मिचिएको भन्ने प्रधानमन्त्रीले दिएको अभिव्यक्तिप्रति प्रदेशसभाबाट खेद प्रस्ताव पारित गर्नुपर्ने माग राखे । एमाले सांसद उर्मिला सुनुवारले प्रधानमन्त्रीको अभिव्यक्ति कानुनी र कूटनीतिक हिसाबले राष्ट्रघाती र आत्मघाती भएको बताइन् । सुनुवारले प्रधानमन्त्रीको भनाइ संविधानको मर्म र राष्ट्रिय हितविपरीत भएको बताउँदै यस्तो अभिव्यक्ति दिने व्यक्तिलाई प्रधानमन्त्री पदमा बसिरहन नैतिक अधिकार नरहेको जिकिर गरिन् । 'राष्ट्रहितविरुद्धको अभिव्यक्ति दिने व्यक्ति नेतृत्वमा रहनु देशका लागि दुर्भाग्यपूर्ण हुन्छ,' उनले भनिन् ।

**नीति तथा कार्यक्रममाथि छलफल सुरु**

बागमती प्रदेशसभाका प्रमुख प्रतिपक्षी दल नेकपा प्रदेश संसदीय दलका नेता शालिकराम जमकट्टेलले सरकारले इतिहास, भाषा तथा संस्थागत संरचनासम्बन्धी महत्वपूर्ण विषयलाई बेवास्ता गरेको आरोप लगाएका छन् ।

सरकारको आगामी नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा प्रदेशसभा बैठकमा उनले सरकारको नीति तथा कार्यक्रमले जनयुद्ध, सशस्त्र संघर्ष र सहिदको योगदानलाई उपेक्षा गरेको बताए । इतिहास र संघर्षको जगमाथि निर्माण भएको वर्तमान राजनीतिक व्यवस्थालाई दस्ताबेजमा समेत स्थान नदिनु दुःखद भएको उनको भनाइ थियो । जम्कट्टेलले प्रदेशले पारित गरेको भाषा ऐनअनुसार तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाकारुपमा कार्यान्वयन गर्ने विषयमा नीति तथा कार्यक्रम मौन रहेको उल्लेख गरे । उनले ती भाषाको प्रयोगका लागि आवश्यक बजेट तथा संगठन तथा व्यवस्थापन (ओएनएम) व्यवस्था तत्काल गर्न सरकारसँग माग गरे ।

उनले बजेटको आकारका आधारमा मन्त्रालय तथा कार्यालय गाभ्ने सरकारको तयारी पनि अदूरदर्शी भएको टिप्पणी गरे । विशेषगरी कानुन मन्त्रालय र सञ्चार रजिस्ट्रार कार्यालयजस्ता महत्वपूर्ण निकायलाई कमजोर बनाउने कुनै पनि निर्णय प्रदेशको दीर्घकालीन हितमा नहुने उनको धारणा थियो । छलफलका क्रममा उनले राष्ट्रियताको विषय पनि उठाउँदै प्रधानमन्त्रीको पछिल्लो सीमासम्बन्धी अभिव्यक्तिप्रति असन्तुष्टि जनाए । भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायत क्षेत्रमा नेपाली भूमि अतिक्रमण गरि रहेको अवस्थामा नेपालले नै भारतको सीमा मिचेको भन्ने अभिव्यक्ति तथ्यहीन र राष्ट्रिय हितविपरीत रहेको उनको भनाइ थियो ।

उनले राष्ट्रियता जस्तो संवेदनशील विषयमा जिम्मेवार अभिव्यक्ति आवश्यक रहेको उल्लेख गर्दै सरकारलाई इतिहास, भाषा, संस्कृति र संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आग्रह गरे । प्रदेशसभाको अर्को बैठक आज मंगलबार ११ बजे बस्ने गरी स्थागित भएको छ ।

# २ हजार २ सय केजी अजैविक फोहोर संकलन



साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/विश्व वातावरण दिवस-२०८३ को अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् आयोजित 'फोहोर खोज चुनौती कार्यक्रम' सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगरको सहयोग, टोल विकास संस्था नगर समन्वय समितिको आयोजनामा तथा टोल विकास संस्था वडासमन्वय समिति, हेटौंडा-८ को व्यवस्थापनमा कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा १९ वटा टोल विकास संस्थाका ३८ समूहको सहभागिता रहेको थियो । सहभागीले आफ्नो क्षेत्रबाट अजैविक फोहोर २,२०० केजी फोहोर व्यवस्थापनका लागि संकलन गरेका छन् । टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ प्रमुख अतिथिकारुपमा सहभागी भएका थिए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नं. ८ का वडासदस्य गोरख राय, नगर समन्वय समितिका सचिव तथा कार्यक्रम संयोजक सुशीला मल्ल, वडासमन्वय समितिका अध्यक्ष कुमार केसीलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुखअतिथि श्रेष्ठले वातावरण संरक्षणका लागि समुदायस्तरबाट सञ्चालन गरिएका यस्ता अभियानले नागरिकमा जिम्मेवारीबोध बढाउने तथा स्वच्छ समाज निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए । उनले वातावरण संरक्षणलाई व्यवहारमा उतार्न सबै पक्षबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे । सभाध्यक्ष अधिकारीले प्लास्टिकजन्य तथा अन्य अजैविक फोहोरको उचित व्यवस्थापन आजको आवश्यकता भएको बताउँदै 'स्वच्छ, हरियाली र प्लास्टिकमुक्त हेटौंडा' निर्माणका लागि टोलस्तरबाट यस्ता अभियानलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे ।

प्रतियोगिताको नतिजा अनुसार कालिका टोल विकास संस्था प्रथम, विकास टोल द्बितीय तथा मनकामना टोल तृतीय भएका छन् । कालिका टोल, मनकामना टोल, बिन्दबासिनी टोल र सृजना टोलले सान्त्वना स्थान हासिल गरेका छन् । प्रथम हुने समूहलाई १० हजार रुपैयाँ द्बितीयलाई ७ हजार ५ सय रुपैयाँ, तृतीयलाई ५ हजार रुपैयाँ तथा सान्त्वनालाई २ हजार ५ सय रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । पुरस्कार जेठ २२ गते आयोजित विशेष समारोहमा वितरण गरिने कार्यक्रम रहेको छ ।

# डान्स मेरो मनको सेमिफाइनल आउँदो २४ गते

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ हेटौंडा-४ स्कुलरोडमा रहेको ड्रिम्स म्युजिक स्कुलले सञ्चालन गरेको डान्स मेरो मनको जुनियर सिजन-१ को सेमिफाइनल हुने भएको छ ।

जेष्ठ २४ गते आइतबार सेमिफाइनल हुने भएको हो । जुनियर डान्सरहरुबाट ३० जना सेमिफाइनलमा प्रवेश गरेका हुन् । सेमिफाइनलमा प्रवेश गरेकाको हाल भोटिङ राउन्ड चलिरहेको छ । फेसबुक पेजमा रहेको डान्स मेरो मनमा गएर आफूलाई मनपरेको डान्सलाई भोट गर्न सकिने आयोजकले जनाएको छ । सेमिफाइनलमा प्रवेश गरेकामध्ये १५ जना फाइनल राउण्डमा पुग्नेछन् । आउँदो असार २० गते हेटौंडामा हुने फाइनल राउण्डबाट विजेता घोषणा गरिने ड्रिम्स स्कुलका सञ्चालक अनन्त खुलालले जानकारी दिए ।

उनकाअनुसार प्रथम हुनेलाई नगद ५० हजार रुपैयाँ, ट्रफी र प्रमाणपत्रको साथै विभिन्न अफरहरु प्रदान गरिने छ भने दोस्रो हुनेलाई प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ, तेस्रो हुनेलाई प्रमाणपत्र र नगद २० हजार रुपैयाँ प्रदान गरिनेछ । सान्त्वनालाई अन्य अफरहरु प्रदान गरिने खुलालको भनाइ छ । डान्स मेरो मनको जजमा म्युजिक भिडियो तथा टेलिफिल्म निर्माता तथा नृत्यनिर्देशक सुवास गहतराज, छमछमी सिजन-४ का विजेता सन्ध्या आचार्य, नृत्यनिर्देशक पासाङ लामा छन् ।






साझाकुरा

## हाम्रो कुरा

# स्वस्थ भान्सा, स्वस्थ परिवार

विश्व वातावरण दिवस २०८३ को अवसरमा हेटौंडा-४ मा सम्पन्न 'भान्सा नै पहिलो औषधालय' सम्बन्धी सचेतनामूलक कार्यक्रमले हाम्रो दैनिकी, स्वास्थ्य र वातावरणबीचको गहिरो सम्बन्धलाई पुनः स्मरण गराएको छ । खासगरी हाम्रो भान्सा नराम्रोसँग बिग्रँदै गएको छ । हरेक खाद्यबस्तुमा भएको मिसावट र बिषादियुक्त तरकारीले हामी बाहिरबाट चिल्लो चापुलो र सुकिलोमुकिलो देखिएपनि भित्रभित्र खोक्रो भइसकेको छौं । हेटौंडा उपमहानगर पालिका वडा नम्बर ४ को आयोजनामा तथा टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरपालिकाको समन्वयमा आयोजित कार्यक्रम केवल औपचारिक कार्यक्रम मात्र नभई व्यवहारिक जीवनशैली परिवर्तनतर्फ उन्मुख गराउने महत्वपूर्ण पहलकारुपमा लिन सकिन्छ । आजको आधुनिक र व्यस्त जीवनशैलीले हामीलाई सजिलो र छिटो खानेकुरातर्फ आकर्षित गरिरहेको छ ।

प्रशोधित खाद्यवस्तु, अत्यधिक चिनी, नुन र बोसोयुक्त खानाले अल्पकालीन स्वाद त दिन्छ तर, दीर्घकालीन रुपमा यसले मधुमेह, उच्चरक्तचाप, मुटुरोग, मोटोपनाजस्ता नसर्ने रोगलाई बढावा दिइरहेको यथार्थ हामी सबैका सामु छ । यस्तो अवस्थामा 'भान्सा नै पहिलो औषधालय' भन्ने अवधारणाले रोग लागेपछि औषधि खोज्ने भन्दा पनि रोग लाग्न नदिने उपाय भान्साबाटै सुरु गर्नुपर्छ भन्ने सशक्त सन्देश दिन्छ । हाम्रो परम्परागत भान्सामा प्रयोग हुने बेसार, अदुवा, लसुन, तुलसी, मेथी, जिराजस्ता सामग्री केवल मसला मात्र होइनन्, ती प्राकृतिक औषधि हुन् । बेसारको जीवाणुनाशक गुण, अदुवाको पाचनसुधार गर्ने क्षमता, लसुनको मुटु स्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव, तुलसीको रोग प्रतिरोधात्मक क्षमता बढाउने गुण–यी सबै वैज्ञानिकरुपमा प्रमाणित तथ्य हुन् । तर, आधुनिकताको नाममा यस्ता अमूल्य सामग्रीलाई बेवास्ता गर्दै हामी विदेशी र प्रशोधित खानातर्फ आकर्षित बन्नु आफैंमा स्वास्थ्यप्रतिको लापरवाही हो । स्वस्थ भान्साको अवधारणा केवल के खाने भन्ने प्रश्नमा सीमित छैन, यो कसरी उत्पादन गर्ने, कसरी पकाउने र कसरी उपभोग गर्ने भन्ने समग्र प्रक्रियासँग जोडिएको छ । स्थानीयरुपमा उत्पादन भएका अर्गानिक तरकारी, फलफूल र अन्नको प्रयोगले एकातिर हाम्रो स्वास्थ्य सुरक्षित हुन्छ भने अर्कोतिर स्थानीय किसानको जीविकोपार्जन र स्थानीय अर्थतन्त्र सुदृढ हुन्छ । यसले लामो दूरीबाट ढुवानी गर्दा हुने कार्बन उत्सर्जन घटाई वातावरण संरक्षणमा पनि योगदान पुर्‍याउँछ । स्वस्थ भान्साबाट सुरु भएको सकारात्मक परिवर्तन परिवारसम्म फैलिन्छ । परिवारका सदस्य स्वस्थ खानपानमा अभ्यस्त भएमा उनीहरुको रोग प्रतिरोधात्मक क्षमता बढ्छ, स्वास्थ्यखर्च घट्छ र जीवनशैलीमा अनुशासन आउँछ । स्वस्थ परिवार नै स्वस्थ समाजको आधार हो ।

जब समाजका अधिकांश परिवार स्वस्थ हुन्छन्, तब राष्ट्रको स्वास्थ्य सूचक पनि स्वतःसुधार हुन्छ । यस अर्थमा भान्सा एउटा निजी स्थान मात्र नभई सार्वजनिक स्वास्थ्यको आधारशिला हो । यस अभियानमा टोल विकास संस्थाको भूमिका झनै महत्वपूर्ण देखिन्छ । टोलस्तरमै सरसफाइ, हरियाली प्रवर्द्धन, सामूहिक बगैंचा, घरघरमा करेसाबारी, प्लास्टिक न्यूनीकरणजस्ता गतिविधि सञ्चालन गर्न सकिने भएकाले टोल विकास संस्था स्वस्थ समाज निर्माणका मेरुदण्ड हुन् । वातावरण संरक्षण र स्वास्थ्यलाई अलग-अलग विषयकारुपमा होइन, एउटै सिक्काका दुईपाटा झैं बुझेर अघि बढ्न सके मात्र दिगो विकास सम्भव हुन्छ । स्वस्थ भान्सा, स्वस्थ परिवार र स्वस्थ समाज भन्ने नारा भाषणमा सीमित नराखी व्यवहारमा उतार्नु आजको आवश्यकता हो । यसको सुरुवात ठूलो लगानी वा जटिल योजनाबाट होइन, आफ्नै भान्साबाट हुन्छ–स्थानीय, प्राकृतिक र सन्तुलित खानपान रोज्ने सानो निर्णयबाट । यो कुरा समुदायले आत्मसात् गर्नसके मात्र हामी साँच्चिकै स्वस्थ समाज र स्वच्छ वातावरणतर्फ अग्रसर हुन सक्छौं ।

# बालेनको दम्भ र हठ, अनि सम्प्रभुताको प्रश्न



**विष्णु पोखरेल**

केही साताअघिको प्रसङ्ग हो । साउथ एशियन युनिभर्सिटीबाट स्नातकोत्तर र विद्यावारिधि गरेर जानेहरूका लागि अनौपचारिक बिदाइ जमघट राखिएको थियो । देशमा होस् वा विदेशमा- नेपाली भेला भएपछि गफगाफ राजनीतितर्फ मोडिइहाल्छ । चर्चा चुच्चे नक्शाको थियो । भारतीय विदेश सचिवको नेपाल भ्रमण रद्द भएको बारे थियो । एक नेपाली प्राध्यापकले स्वभावतः चासो राखे, 'बालेनले किन भारतीय विदेश सचिवलाई भेट्न नखोजेको ? लेभल नमिलेर हो कि ? डिल गर्ने क्षमता नै नभएर ?' उनकै सामुन्ने बसेको मैले फ्याट्ट भनिहालेछु, 'क्षमता नभएर नि !'

छेउछाउमा बसेका बालेन र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) समर्थक साथीहरूलाई मेरो कुरा चित्त बुझेन । उनीहरूले 'दूतसँग होइन, मालिकसँगै डिल गर्ने' भाष्य सुनाए । ठिक त्यसैगरी, जसरी २०६४ सालमा मतोन्मादमा सत्ताच्युत बनेपछि प्रचण्डले 'मालिकसँगै वार्ता गर्ने' भाषण गर्थे । त्यसबेला जसलाई सेनापतिबाट हटाउँदा प्रचण्डको जागिर गएको थियो- उनैले पछि लेखे, '(आफ्नो पद जोगाउन) फोन गर्नुपर्ने ठाउँमा गरें ।' ती मालिक को थिए, जसले रुक्माङ्गद कटवालको पद जोगाए ? उनलाई हटाउने प्रधानमन्त्रीको सिफारिस अस्वीकृत गर्न राष्ट्रपति डा. रामवरण यादवलाई सुझाए ? कटवाल वा यादव, दुवैले ती मालिकबारे सार्वजनिक रूपमा केही बताएको पङ्क्तिकारलाई याद छैन ।

प्रचण्डलाई मालिकबारे पक्कै थाहा होला । थाहा नभएको भए उनले त्यसबेला 'मालिकसँग मात्र वार्ता हुने' भाषण गर्दैनथे । प्रचण्ड पनि अहिलेसम्म चुप छन् । हुन त गिरिजाप्रसाद कोइराला राजा ज्ञानेन्द्रलाई इङ्गित गर्दै बारम्बार 'ग्रान्ड डिजाइन' भनिरहन्थे । त्यो 'ग्रान्ड डिजाइन' खोलिदिने चेतावनी दिन्थे । सञ्चारकर्मीसँगका केही सामूहिक भेटघाटका क्रममा विराटनगरस्थित कोइराला निवासको बार्दलीमा पङ्क्तिकारले 'गिरिजाबाबु, तपाईंले भन्ने गरेको ग्रान्ड डिजाइनबारे बताइदिनुस् न' भनी प्रश्न गर्ने मौका पाएको थियो । उनले 'समय आएपछि सबै खुल्ने' बताएका थिए । तर, त्यो समय कहिल्यै आएन । गिरिजाप्रसाद अहिले हामीमाझ छैनन् । कटवाल प्रकरणका 'मालिक' बारे त्यस्तो अवस्था नआउला र चाँडै त्यसका साक्षीहरूले 'आँखीदेखा हाल' साझा गर्लान् भन्ने अपेक्षा गरौं ।

विषय बालेनको थियो- प्रसङ्ग मालिकतर्फ मोडियो । सार्वभौम जनताले अधिकाधिक विश्वास गरेको, मतोन्माद उबेलाका प्रचण्डको भन्दा उपल्लो स्तरको भएको, सञ्जालको जञ्जालमा स्वस्तिवाचक, स्तुतिप्रचारक र महिमागानकको महामण्डल भएको अनि सार्वभौम संसद्प्रति अटेरी गर्न सक्ने आँट भएको अहिलेका प्रधानमन्त्री त आफैं 'मालिक' हुन् । त्यसैले पङ्क्तिकारलाई विश्वास छ- उनका कोही मालिक छन्, न मान्यता वा मूल्य नै । अनौपचारिक रूपमा सामाजिक सञ्जालभरि 'अराजक' कहलाएका हर्क साम्पाङ केही दिनअघि भन्दैथिए- 'सभाको हेडमास्टर त सभामुख हो । प्रधानमन्त्री पनि विद्यार्थी हो ।' तर आइतबार सदनमा उल्टो दृश्य देखियो । प्रधानमन्त्री हेडमास्टर बने- पहिले क्लास मनिटरले केही भन्न खोजे झैं कुर्सीबाट उठे । नियमावली विपरीत सभामुखले पनि समय र रोस्ट्रम दिए । 'जहाँ म उभिन्छु, त्यहींबाट पङ्क्ति शुरु हुन्छ' को शैलीमा रोस्ट्रममा उभिएका प्रधानमन्त्रीको सङ्केत र भावभङ्गी हेरेर सभामुखले नियमावलीको खिल्ली उडाउँदै 'हस् मालिक' शैलीमा सांसदहरूलाई आदेश दिए ।

बालेनले प्रधानमन्त्री बनेको दिन कार्यपालिकाको र पद्धति अवज्ञा गर्दै प्रधानन्यायाधीश सिफारिस गरेको दिन न्यायपालिकाको अधिपति बनेको भावभङ्गीगत घोषणापत्र लेखेका थिए । नीति तथा कार्यक्रममा राष्ट्राध्यक्षको सम्बोधन बङ्क गरेर व्यवस्थापिकाको मालिक बनेको अल्पाख्यान लेखेका उनले आइतबार डीपी अर्यालको 'सभामुख' आचरणको फाइदा उठाउँदै नियमावलीको खिल्ली उडाउन सफल भए । अब उनी सरकाराधिपति, सर्वोच्चाधिपति र संसदाधिपति पनि भए । लोकतन्त्रका तीनै खम्बाको 'मालिक' बनेको अनुभूति भएरै होला, बालेन्द्रलाई वैधानिक र मान्यतागत मूल्यप्रति न मतलब छ, न तिनलाई आत्मसात् गर्ने आकाङ्क्षा नै । उनको सिल्लडपनालाई 'सोई ढोले सोई' गरिदिने साइबर समर्थकहरू छँदै छन् ।

तिनै साइबर समर्थकको बलमा प्रधानमन्त्री भएका बालेनलाई मालिक बनेको भ्रमले लुई चौधौं झैं 'म नै राज्य हुँ' (यसबारे इतिहासकार बीच एकमत छैन) भन्ने भएको छ । जब 'म नै सर्वेसर्वा हुँ, मैले बोलेपछि कसैले केही गर्न सक्दैन' भन्ने भ्रमको स्थितिमा जो कोही पुग्छ, उसले न अरूका राय लिन्छ, न सुन्छ । न कसैलाई बुझ्ने कोसिस गर्छ, न आफूले बुझाउनुपर्छ भन्ने ठान्छ । आइतबार प्रतिनिधिसभाको रोस्ट्रममा पुगेर उभिँदै गर्दा विपक्षी दलका सांसदहरूले गरेको नियमापत्तिप्रति बालेन्द्रको मन्द दाह्रा किटाइले त्यसैको पुष्ट्याइँ गरिरहेको थियो । उनको भावभङ्गीले बताइरहेको थियो- 'चुप लाग केटाकेटी हो ! तिमीहरू धेरै करायौ- ल ल्याओ तिमीहरूका प्रश्न, म कसरी देखाइदिन्छु ।' सायद उनको उद्देश्य थियो- छोटाछोटा उत्तर दिएर टाटो लगाउने । अकस्मात् समय मागेर सांसदहरूलाई 'तिमीहरूसँग प्रश्नै रहेनछ त !' भनेर देखाइदिने ।

अरूलाई देखाइदिन उनकै कारिन्दा जसरी प्रस्तुत भएका सभामुखको मिलीभगतमा झेली गरी रोस्ट्रम पुगेका बालेन्द्रले अरूलाई त कति 'देखाइदिन' सके, त्यसको मूल्याङ्कन हुँदै गर्ला, तर आफू भने नराम्ररी नाङ्गिए । उनी आफू मात्र नाङ्गिएनन्, देशलाई नै गहिरो भूराजनीतिक विडम्बनातर्फ धकेल्ने अभिव्यक्ति दिए । संसारमा कुनै पनि देशको सरकार प्रमुखले नगरेको, नगर्ने र गर्न नहुने काम गरे । विश्वको आधुनिक इतिहासमा र विशेषगरी दोस्रो विश्वयुद्धपछि कुनै पनि देशको सरकार प्रमुखले अर्काको देशको भूमि 'हामीले मिचेका छौं' भनेर भनेको छैन र भन्ने पनि छैनन् ।

बहादुर बालेन्द्रले रोस्ट्रममा उभिएर सहजै बोलिदिए- '... नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ । ...हाम्ले मिचेका छौं, उहाँहरूले मिच्नुभएको छ... ।' उनको अभिव्यक्ति रास्वपाका सांसदहरूलाई आपत्तिजनक लागेन । कतिले त द्वयापद्वयाप गरेरै समर्थन जनाए । विपक्षी दलकै सांसदले पनि तुरुन्तै कडा आपत्ति प्रकट गरेको देखिएन । पछि एकाध आपत्ति दर्ज भए, जुन बेला बालेन संसद्मा गयल भइसकेका थिए । कुनै पनि सार्वभौम राष्ट्रको प्रधानमन्त्रीले सदनमा उभिएर, न बैठकमा बसेर वा अनौपचारिक रूपमै पनि 'अर्को देशको भूमि हामीले मिचेका छौं' भन्दैन । कूटनीतिको कखरा नै नजानेको मान्छेले पनि यति ठूलो गल्ती गर्दैन । उनको अभिव्यक्तिले विवाद ल्याएपछि समर्थकहरू, परराष्ट्र मामिलामा कलम चलाउने आफूलाई दिग्गज ठान्ने कतिपय पत्रकारहरू र कैयौं बुद्धिजीवी भनिएकाहरूले त्यसमा रफ्फु भरिरहेका छन् ।

कतिपयले बालेन्द्रको 'मनसाय सफा रहेको, ओठ चिप्लिएको' अभिव्यक्ति दिइरहेका छन् । तर, कुनै पनि प्रधानमन्त्रीले देशको भौगोलिक अखण्डता, सम्प्रभुता र स्वाभिमानका विषयमा यसरी हलुका टिप्पणी गर्दैन । लोकतन्त्रका तीनै खम्बाको नियन्त्रण आफूमा मात्र छ भन्ने ठानी समग्र देश आफ्नै स्वामित्वको जग्गाको टुक्रा मानेर कुनै शासकले त्यस्तो भन्छ भने पनि ऊ शासक कहलाउन, न शासकको सम्मान पाउन लायक हुन्छ । रफ्फु भर्नेहरूले र परराष्ट्र मन्त्रालयले समेत प्रधानमन्त्रीको मनसाय 'क्रसबोर्डर अकुपेसन' लाई उल्लेख गर्नु थियो भनेका छन् । 'क्रसबोर्डर अकुपेसन' भनेको त सीमापार वा सीमा वारपार भोगचलन न हो, कुनै देशले अर्को देशको भूमि मिचेको होइन । बालेन्द्रले त सीधै 'भूमि मिचेको' भनेका छन् । जसले 'क्रसबोर्डर अकुपेसन' र भूमि मिचेको विषयवस्तुलाई घोलमाल गरिरहेका छन्- कि उनीहरूले 'क्रसबोर्डर अकुपेसन' र 'बोर्डर इन्क्रोचमेन्ट' को भेद बुझेका छैनन् वा स्वार्थवश बालेन्द्रको बचाउ गरिरहेका छन् ।

कुनै पनि देशले सीमा मिच्नु भनेको सैन्य शक्तिको उपस्थितिमा अर्को देशको भूमि कब्जा गर्नु हो । यो सामान्यज्ञानको विषय हो । यसका निम्ति कसैले भूराजनीतिको विज्ञ भइर हनुपर्दैन । सीमा वारपार भोगचलन भनेको जहिले पनि नागरिक तहमा हुन्छ । त्यो खुला सीमा भएका संसारका जुनसुकै स्थानमा देखिने, भेटिने र पाइने प्रवृत्ति हो । खुला सीमा नभएका कैयौं देश बीचका सीमा क्षेत्रमा पनि त्यस्तो अवस्था रहेका छन् । नेपाल र भारतका हकमा त्यस्तो छ भनेर दुवै देशले स्वीकारेका छन् । द्विपक्षीय वार्तामा ती विषयमा छलफल हुने गर्छन् ।

जसरी प्रधानमन्त्रीले सीधै 'नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' भने, त्यसको अर्थ 'क्रसबोर्डर अकुपेसन' हुँदैन । त्यसको अर्थ हुन्छ- 'हामीले पनि कालापानीमा भारतले सैन्य क्याम्प राखेर हाम्रो भूमि मिचे जस्तै भारतको भूमि कब्जा गरेका छौं ।' र, त्यसरी अर्काको देशको भूमि कब्जा गर्ने देशको सरकार प्रमुखले कहिल्यै 'हामीले अर्काको भूमि मिचेका छौं' भन्दैन । हालैका घटनाहरू हेरे पनि हुन्छ । न पुटिनले 'युक्रेनको भूमि मिचेका छौं' भनेका छन्, न नेतन्याहूले 'प्यालेस्टाइनको भूमि मिच्यौं' भनेका छन् ।

ती अवस्थामा कि सरकार प्रमुखहरूले आफ्नो गुमेको भूभाग फिर्ता ल्याएको दाबी गरेका छन् वा त्यही भूभाग वा देशका मानिसलाई स्वतन्त्रता वा प्रजातन्त्रका लागि सघाएको भनेका छन् । कसैले 'मैले अर्काको देशको भूमि मिचेको छु' भन्नु भनेको उत्तर-वेस्टफेलियन राज्य संरचनामा युद्धको निम्ता दिनु जस्तो हो । बालेनले एकतर्फ मित्रवत् 'टेबल टक' भनिरहेका थिए र अर्कोतर्फ 'हामीले पनि भारतको भूमि मिचेका छौं' भनिरहेका थिए । उनले रोस्ट्रममा बोलिर हँदा यो समेत ख्याल गरेनन् कि भारतले कहिल्यै 'हामीले नेपालको भूमि मिचेका छौं' भनेर स्वीकारेको छैन । नेपाल र भारत दुवैले भन्दै र मान्दै आएको औपचारिक अडान भनेको 'हामीबीच सीमाबारे एकमत हुन नसकेका विषयहरू छन्, वार्ताका माध्यमबाट तिनको समाधान गर्छौं' भन्ने हो । कैयौं दिन संसद्मा उपस्थित नभएर बैठकमा झुल्किएका बालेनमा अकस्मात् किन बोल्ने भूत चढ्यो ? बोल्नै थियो भने नियमावलीमै व्यवस्था भएअनुसार बोल्ने चाहना राखेर पूर्वनिर्धारित रूपमा प्रश्न लिएर तिनलाई लिखित रूपमै सम्बोधन किन गरेनन् ? सीमा समस्या बारे सोधिएका प्रश्नको उत्तर उनको स्वतःस्फूर्त थियो वा नियतवश भन्ने प्रश्नका उत्तर आगामी दिनले देखाउलान् । तर उनले संसद्को रोस्ट्रममा उभिएर जुन 'ब्लन्डर' बदमासी गरे, त्यसको परिणाम दूरगामी हुनेछ र त्यो नेपालको सार्वभौमसत्तासँग सीधै जोडिएको छ ।

नवपुस्ताको आन्दोलनको बलमा भएको चुनावमा अधिकाधिक मत पाएर बनेको रास्वपा सरकारले खाली गराएका सयौं राजनीतिक नियुक्तिका पद पाइने लोभमा हो कि वा किन हो, धेरै गन्यमान्य ठानिएकाहरूले पनि देशको सम्प्रभुतासँग जोडिएको बालेनको अभिव्यक्तिलाई सामान्यीकरण गरिरहेका छन् । आफ्नो उग्रकालमा माओवादीले भन्ने गरेको 'क्रमभङ्गताको उपक्रम' जस्ता सबै परम्परा तोड्ने बालेनका 'बदमासी' लाई बेवास्ता र सामान्यीकरण गर्नु अझ घातक विषय हो । तर त्यसको पङ्क्तिमा घागडान विद्वान् भनिएका कथित गन्यमान्यहरू उभिएको देखिनु उदेकलाग्दो विषय हो । आइतबारको संसदीय शृंखला र त्यसमा रफ्फु भर्ने विद्वत् उपकृत्यले जसरी बालेनले आफ्नो कालो चस्माले आफूबाहेक सारा संसारलाई कालो देखिरहेका छन्, त्यसैगरी ज्ञानी भनिएका अज्ञानी र अल्पज्ञानी अनि पठित भनिएका अपठितहरूले बालेन्द्रलाई 'सेभियर' ठानिरहेका छन् भन्ने स्पष्ट पारेको छ ।

यस्तो बेलामा भूराजनीति र कूटनीतिक परीक्षामा नाङ्गिएका बालेन्द्र दोषी हुन् कि 'महाराजको पोशाक कति राम्रो' भन्दै उनलाई नाङ्गै घुमाउने साइबर समर्थक र 'युफोरिक', आत्मश्लाघी, 'नार्सिसिस्ट' उच्चमध्यम वर्गीय स्वस्तिवाचक मुख्याभियुक्त हुन् भन्ने खुट्याउन कठिन छ । मुख्याभियुक्त जोसुकै भए पनि आइतबारको कचहरीले बालेन्द्रको जलप उतारि दिएको छ । अनि, काँचुली निस्केपछि उनका मुख्यतः पाँच विशेषता उजागर भएका छन् :

- एक, बालेन आफूलाई सर्वाधिपति ठान्छन् र अरू सबै दास हुन् भन्ने मान्छन् ।
- दुई, उनी विधि, पद्धति र मान्यता पछ्याउन चाहँदैनन् र त्यही हठमा अडिग छन् ।
- तीन, उनको हठलाई 'इन्डोर्स' र 'लेजिटिमाइज' गरिदिने दल, दलका दास जस्तै कारिन्दा, अन्धभक्त साइबर समर्थक अनि 'भ्यालिडेट' गरिदिने छद्म विद्वान् प्रशस्त छन्, त्यसैले उनी उत्तेजित हुन्छन् ।
- चार, भूराजनीतिक संवेदनशीलता, कूटनीति, पर राष्ट्र सम्बन्ध, नेपालको भौगोलिक अखण्डता र सम्प्रभुताप्रति उनी अल्पबुद्धि अनि असंवेदनशील छन् ।
- पाँच, उनमा नागरिक, राज्य र मतदाताप्रति दायित्वबोध होइन कि सर्वाधिकारपति बनिसकेको अनि सबैलाई 'देखाइदिने' दम्भानुभूति छ ।

यिनै विलक्षण प्रतिभाका कारण बालेन्द्र शाह देशको प्रधानमन्त्री त के, सामान्यभन्दा सामान्य सार्वजनिक पदधारण गर्न समेत अनुपयुक्त पात्र हुन् । त्यसैले रास्वपाले जनमतको कदर गर्दै उनलाई तत्काल प्रधानमन्त्री पदबाट राजीनामा गराउनुपर्छ र अर्को उपयुक्त पात्रलाई प्रधानमन्त्री बनाउनुपर्छ । उपयुक्त पात्र छैन भने उनैलाई सांसद पदबाट राजीनामा गर्न लगाई, उपयुक्त पात्रलाई उपचुनावबाट संसद् प्रवेश गराई त्यो व्यक्तिलाई प्रधानमन्त्री बनाउनुपर्छ । त्यसो हुन सकेन भने बालेन्द्र शाहको लम्बिंदो प्रधानमन्त्री कार्यकाल नेपाल र नेपालीका लागि रणबहादुर शाह शासनकालको दोस्रो अध्याय हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# सरकार ढाल्ने ध्येय

**केशव अधिकारी**

वर्तमान बालेन्द्र साह नेतृत्वको सरकार झन्डै दुई तिहाइ बहुमतको सरकार हो । विगतका सरकारले लामो कालखण्डमा शासनमा रहँदाका बखत पनि 'नक्कली सुकुम्बासी हटाऊ र सक्कली सुकुम्बासीको पहिचान गरेर तिनलाई उचित व्यवस्थापनको काम गर' भन्ने जनादेशलाई पूरा गराउन सकेका थिएनन् । उक्त कामलाई बालेन नेतृत्वको सरकारले केही दिनमै पूरा गरेर देखाइदियो । उता वास्तविक सुकुम्बासीको पहिचान भएकालाई सरकारले कसरी व्यवस्थापन गर्ला भन्ने कुरो भविष्यलाई जिम्मा लगाएर बस्नु उचित हुनेछ । देशमा भएका आम भ्रष्टाचारीलाई खोजबिन गरेर उचित कार्यवाही गर्नुपर्ने जनादेशको अर्को महत्वपूर्ण आदेश रहेको थियो, जुन कामलाई बालेन सरकारले हाल द्रुत गतिमा अगाडि बढाइरहेको छ । बालेन नेतृत्वको सरकारले विगतमा भएका वा हुने गरेका गलत क्रियाकलापलाई निमिट्यान्न पारेर लैजाने र भविष्यमा पनि अनैतिक काम गर्नु नहुने रहेछ भन्ने खालको पाठ पढाउने धुनमा रहेको पाइन्छ ।

मूलरुपमा भन्ने हो भने, विगतका सत्तारुढ राजनीतिक दलका नेता अनि तिनलाई अनैतिक काममा लाग्न हौसला प्रदान गरेर देशको ढुकुटी रित्याउने काममा लागेका जो-कसैलाई पनि नछोडी उचित कार्यवाहीको दायरामा ल्याउन सक्ने क्षमता हालको बालेन नेतृत्वको सरकारसँग रहेको पाइन्छ । यसै क्षमताका कारण सरकारले गर्दै गरेका अनेक थरीका सुधारका कामले आम नेपाली जनताको मन जित्न सफल बन्दै छ । विदेशी विशिष्ट पाहुना नेपाल आउँदा यहाँका विशिष्ट व्यक्तिलाई भेट्न जानुको साटो हाम्रै विशिष्ट व्यक्तिहरू उनीहरुलाई भेट्न हतारिएर पुग्ने चलनको अन्त्य गर्दै सरकारबाट नयाँ तरिका अपनाएर नेपालीको भाउ बढाउने काम भएको छ । संसारका विभिन्न देशसँगको कूटनीतिक मैत्रीपूर्ण सम्बन्धका कारणले गर्दा छिमेकी लगायतका अन्य देशहरुबाट हामीलाई विकासका विभिन्न क्षेत्रमा हुनुपर्ने सहयोगको अपेक्षा राख्न सकिने अवस्था सिर्जना हुँदै जान थालेको छ ।

अर्को कुरा, बालेन सरकारले साना सहकारी पीडितले पाउनुपर्ने रकम केही मात्रमा प्रदान गरेको छ । अब क्रमशः प्रदान गर्दै जाने ताकमा सरकार रहेको होला भन्न सकिने अवस्था बनेको छ । सरकारी कर्मचारीमा अनुशासन तथा कर्तव्यनिष्ठताको विकास गराउनमा सरकार दत्तचित्त भएर लागेको छ । विगतका सरकारले लुटेर खाएका र बाध्यतावश बन्द भएका उद्योगहरू जति सक्दो चाँडो खोल्ने दाउमा छ सरकार । बन्द भएका उद्योगहरू खोलिए हाम्रा हजारौं युवाहरूले बाध्य भएर विदेश जानै पर्ने अवस्थाको अन्त्य भई स्वदेशमै बाँच्न र कमाउन सकिने अवस्था चाँडै सिर्जना हुनेछ भन्ने कुरामा आशावादी बन्न सकिने ठाउँ रहेको छ । आर्थिक क्षेत्रमा हेर्ने हो भने, नयाँ सरकारले आर्थिक मितव्ययिताको नीति अपनाएको छ । विगतका सरकारले देशको ढुकुटीको मूल चाबी हातमा थुतेर देश लुट्ने बाटोमा हिँड्ने परम्परा बसेकोमा यसलाई नामेट पार्ने धुनमा बालेन सरकार लागेको छ ।

वर्तमान सरकार विगतका सरकारको तुलनामा आर्थिक मितव्ययिताको सबल पक्षमा लागेका कारण राज्यको शासकीय खर्चमा मितव्ययिताको सिद्धान्त लागू भएको छ । सरकारले छोटो समयमा गरेका यी सकारात्मक कर्मका कारण विपक्षी राजनीतिक दलका मानसमा आगो बल्न थालेको छ । यो आगोको रापिलो तातोले आफैंलाई भतभत पोल्न थालेका कारण अब बालेन सरकारलाई कसरी ढाल्ने ? भन्ने उपायको खोजीमा लागेका देखिन्छन् । झन्डै दुई तिहाइ बहुमतको सरकार भएको हुनाले त्यसलाई हतपत ढाल्न सकिने अवस्था छैन भन्ने कुरा बुझेका प्रमुख प्रतिपक्षी राजनीतिक दलहरूले सरकारका जरा काट्न मज्जैले शुरु गरेको भान हुन थालेको छ । प्रतिपक्षीहरू जरा काटेर तत्काल सरकार ढाल्ने कार्यमा तदारुकताका साथ लागिरहँदा सरकार कतिको शक्तिशाली छ ? उसले विपक्षीको जरा कटाइलाई नियालिरहेको छ वा छैन ? र ढल्ने हो कि होइन ? भन्नेजस्ता यावत् कुराहरू सरकारको अबको कार्यशैलीमा भर पर्ने वा जोडिएका विषय हुन् ।

प्रतिपक्षीहरूले आफूले साँच्चै चाहेका खण्डमा केही घण्टामा नै बालेन सरकार ढाल्न सक्ने क्षमता रहेको कुरा बताएर आफ्नो पुरुषार्थको गाना गाइरहेका छन् । ती नेताले आम जनतालाई आह्वान गर्दै वर्तमानको बालेन सरकार ढाल्नको लागि एकपटक सबैले साथ दिनुपर्ने भनाइ राखेका छन् । साँचा नेपाली जनताले यो भनाइलाई कुनरुपमा लिए भन्दा पनि ती नेताको आह्वानलाई जनताले पत्याएर सम्मानका साथ सडक आन्दोलनमा उत्रने काममा सघाऊलान् त ? भन्ने कुरा महत्वपूर्ण रहेको छ । विगतमा आम जनतालाई पटक-पटक शासक बन्दै र धोखा गर्न पल्केका तिनले सरकारको विरुद्धमा विष वमन गर्न थालेका छन् । ती नेताबाहेकका अन्य राजनीतिक दलहरुले पनि विगतमा जताबाट जसरी मन लाग्छ त्यसै गरी देश लुटेर खान पल्केका र अहिले त्यसरी देश लुट्न त परै जाओस् विगतका दुष्कर्मले निम्त्याएको पापको फल भोग्नुपर्दाको भय र त्रस्त मानसिकताका कारण त्यसको आक्रोश वर्तमान सरकारसँग पोख्दै गरेको अवस्था छ । अब कसैले विदेशीसँग हार गुहार मागेरै भए पनि सरकार ढाल्नै पर्ने र आफ्नो भ्रष्ट युग पुनः फर्काएरै छोड्ने दाबी उनीहरुको मनले गरिरहेको होला ।

सरकारबाहिर रहेका विगतका सर्वाधिक ठूला ठानिएका राजनीतिक दलहरूले सरकार ढाल्नको लागि सरकारका जरा खन्ने काम तेजका साथ गर्दै छन् भने सरकारबाहिरकै अरु कुनै राजनीतिक दलहरूले सरकारले गरेका राम्रा कामका पक्षमा लाग्ने कुरा बताएर बालेन सरका प्रतिको एकताको प्रतिबद्धता कायम राख्न खोजिरहेका छन् । यो प्रतिबद्धता कायम राख्नु भनेको सरकारलाई थप बल पुग्ने कुरा हो ।

नेपालमा अबका दिनमा विगतको लोकतान्त्रिक शासन व्यवस्था टिकाउने हो भने सहज अवस्था हुने वा रहनेछैन । आम नेपाली जनताको बुझाइमा लोकतान्त्रिक व्यवस्था भनेको गरिब नेतालाई आम जनताले रगत र पसिना खर्चेर कमाएको धन सुम्पेर धनी बनाउने व्यवस्था रहेछ भनेर बुझेका छन् । त्यसैले व्यवस्था परिवर्तनको कार्य अनिवार्य छ भन्ने कुरा वर्तमान बालेन नेतृत्वको सरकारलाई पनि राम्ररी थाहा भएकै विषय हुनुपर्छ । सरकारका विपक्षी दलहरूले सरकारकै विरुद्धमा खन्न थालेको खाल्टो कसरी पुर्दै लैजाने हो वा त्यसै छोड्ने हो ? प्रधानमन्त्री बालेन साह र उनको राजनीतिक दल रास्वपाको अन्तरसम्बन्ध, हालको प्रधानमन्त्रीको मौनव्रत आदिले खासै प्रभाव नपार्ला ।

क्रमशः पृष्ठ-३...

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ २० गते बुधबार ३ जुन २०२६ । तृतीया, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:१० सूर्यास्त ६:५५। विश्व साइकल दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग गर्ने भावना आउनेछ | तुला | : मित्रसंग विवाद हुनसक्नेछ |
| वृष | : यात्राको लागि सुखद देखिन्छ | वृश्चिक | : धन खर्च हुनेछ |
| मिथुन | : रमाइलोको समय रहेको छ | धनु | : भेटघाटमा समय बित्नेछ |
| कर्कट | : शरीरमा समस्या देखिन सक्नेछ | मकर | : सम्पत्तिको खचपच हुनेछ |
| सिंह | : सामाजिक प्रतिष्ठा बढ्नेछ | कुम्भ | : सुखभोगको समय रहेकोछ |
| कन्या | : सानातिना अवरोध आइरहनेछ | मीन | : आर्थिक लाभ मिल्नेछ |

# सिस्नेरीमा टिपरको ठक्करबाट घाइते कुकुरको चितवन लगेर उपचार



साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ मकवानपुरको उत्तरीक्षेत्रस्थित सिस्नेरीको टेकरमा टिपरको ठक्करबाट गम्भीर घाइते भएको कुकुरलाई उद्दार गरी चितवन लगेर उपचार गरिएको छ ।

गत शनिबार बिहान टिपरले कुकुरलाई ठक्कर दिएको हेटौंडा एनिमल एण्ड डग वेलफेर क्लबले जनाएको छ । टिपरको ठक्करबाट कुकुरको खुट्टा भाँच्चिएको क्लबका अध्यक्ष सजल पौडेलले बताए । 'हामीले कुकरलाई सिस्नेरीबाट उद्दार गरेर हेटौंडा ल्याएका थियौं । यहाँ उपचार हुन नसकेपछि चितवन लगेर उपचार भइरहेको छ' उनले भने । प्रारम्भिक उपचार तथा शल्यक्रियाका लागि पशुसेवा कार्यालय मकवानपुरमा लगिए पनि त्यहाँ शल्यक्रिया गर्ने चिकित्सक तथा आवश्यक स्वास्थ्य सामग्रीको अभाव भएपछि चितवन लगिएको पौडेलले जनाए ।

पशुसेवा कार्यालय मकवानपुरका प्रमुख रामप्रकाश प्रधानले घाइते कुकुरको भाँच्चिएको खुट्टाको शल्यक्रिया गर्नुपर्ने भएकाले यहाँ सम्भव नभएको बताए । 'यहाँ हामीसँग उपचार गर्ने जनशक्ति र सामग्री अभाव भएको हो । हामीले नै चितवनसम्म लगेर उपचार गर्न कार्यालयको सवारीसाधन सहयोग गरेका छौं' प्रधानले भने । कुकुरको उपचार चितवनको रत्ननगर नगर पालिकास्थित हिमालय एनिमल रेस्क्यु ट्रष्टमा गरिएको क्लबका अध्यक्ष पौडेलले जानकारी दिए । हेटौंडा एनिमल एण्ड डग वेलफेर क्लबले सडकबाट पशु उद्दार गरी घाइतेको उपचार, पशु बन्ध्याकरण सहित जनमानसमा सचेतना लगायतका कार्य गर्दै आइरहेको छ ।

# गढीमा भेटिएको सालक रानी सामुदायिक वनमा

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ लोपोन्मुख तथा संरक्षित वन्यजन्तु सालक पछिल्लो समय मकवानपुरका विभिन्नक्षेत्रमा बारम्बार देखिन थालेको छ । रातको समयमा आहारको खोजीमा निस्कने सालक घर, खेतबारी तथा सडक आसपास भेटिने क्रम बढ्दै गएको छ ।

मकवानपुरगढी गाउँपालिका-३ धमिलेमा जेठ १७ गते राति स्थानीयवासीले एउटा सालक फेलापारी संरक्षणका लागि इलाका प्रहरी कार्यालय मकवानपुरगढीमा बुझाएका थिए । कार्यालयका प्रहरी निरीक्षक धर्मेशकुमार यादवले सालकलाई रानी सामुदायिक वन उपभोक्ता समूहका कार्यसमिति सदस्य केदारप्रसाद अधिकारीलाई हस्तान्तरण गरेका हुन् ।

सालकलाई रानी सामुदायिक वन उपभोक्ता समूहले निर्माण गरेको विशेष 'सालक केज' मा सुरक्षित रुपमा राखिएको छ । सालक संरक्षण तथा निगरानीका क्रममा हेटौंडा उपमहानगर-६ का वडासदस्य विजय पौडेल, वन समूहका उपाध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, सदस्य केदारप्रसाद अधिकारी, लेखासंयोजक राजकुमार फुँयाल, सालकबारे अनुसन्धान गरि रहेका विद्यार्थी समिक विष्ट तथा समूहका कार्यालयसचिव भीमसेन पौडेलको उपस्थिति रहेको थियो ।

समूहका अनुसार यसअघि पनि वैशाख २ गते र जेठ १० गते विभिन्न स्थानमा भेटिएका सालकलाई संरक्षणाका लागि यही केजमा राखिएको थियो । यसपटक भेटिएको बच्चा सालकको तौल ३ किलो ६५० ग्राम रहेको जनाइएको छ ।

रानी सामुदायिक वन उपभोक्ता समूहले विगत दुई दशकदेखि सालक संरक्षणमा निरन्तर काम गर्दै आएको छ । समूहले विगत २० वर्षदेखि सालक उद्दार, संरक्षण, निगरानी तथा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# नेपाली सेनाद्वारा ढुङ्गेगढीमा निर्मित ढुङ्गेधारा गाउँपालिकालाई हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ मकवानपुरको ऐतिहासिक तथा पर्यटकीय क्षेत्र ढुङ्गेगढीमा खानेपानी सुविधाको विस्तार गर्दै आन्तरिक पर्यटन प्रवर्द्धन र सैनिक-नागरिक सम्बन्ध सुदृढ बनाउने उद्देश्यले नेपाली सेनाले निर्माण गरेको ढुङ्गेधारा तथा पाँच हजार लिटर क्षमताको पानी ट्यांकी मकवानपुर गढी गाउँपालिकालाई हस्तान्तरण गरेको छ ।

नेपाली सेनाद्वारा सञ्चालित शीघ्र प्रभावी आयोजना अन्तर्गत गोरखबहादुर गणले मकवानपुरगढी गाउँपालिका-२ ढुङ्गेगढीमा निर्माण सम्पन्न गरेको संरचना मध्यपृतना मुख्यालयका पृतनापति उपरथी विष्णुकुमार खड्काले गाउँपालिकालाई औपचारिक रुपमा हस्तान्तरण गरेका हुन् । मकवानपुरगढीका सेनबंशीय शासन कालमा ढुङ्गगढीमा तत्कालीन सेना तैनाथ गरी गढी दरबारको सुरक्षा दिइन्थ्यो । कान्तिराजपथबाट करिब १ किमि दुरीमा रहेको ढुङ्गगढीबाट हेटौंडा बजारको केही भाग अवलोकन गर्न सकिन्छ ।

हस्तान्तरण कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङतान, नम्बर ७ बाहिनी अड्डाका बाहिनीपति सहायकरथी विक्रम गुरुङ, वडा नम्बर २ का अध्यक्ष बखानसिंह पाखिन, गोरखबहादुर गणका गणपति प्रमुखसेनानी रविन्द्रकुमार श्रेष्ठ, ७ बाहिनी अड्डाका प्रमुखसेनानी झलक लामा, सशस्त्र प्रहरी बल नम्बर १४ गणका गणपति सशस्त्र प्रहरीउपरीक्षक नवीनकुमार खड्का, इलाका प्रहरी कार्यालय मकवानपुर गढीका प्रहरीनिरीक्षक धर्मेशकुमार यादव, ढुङ्गेगढी टोल विकास समितिका अध्यक्ष सुधारजीत गोले, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायत स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, सञ्चारकर्मी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

नेपाली सेनाकाअनुसार निर्माण गरिएको ढुङ्गेधारा तथा पानी ट्यांकीबाट ढुङ्गेगढी भ्रमणमा आउने पर्यटक, काली मन्दिरमा दर्शनका लागि पुग्ने श्रद्धालु भक्तजन तथा स्थानीय बासिन्दाले स्वच्छ खानेपानी सुविधा प्राप्त गर्नेछन् । यसले क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

ऐतिहासिक महत्व बोकेको ढुङ्गेगढी क्षेत्रको पूर्वाधार विकाससँगै स्थानीय आवश्यकताको सम्बोधन हुने र नेपाली सेना तथा नागरिकबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन यस आयोजनाले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

# विश्वकपमा ४८ देशको सहभागिता: उदाउलान् नयाँ फुटबल शक्ति ?



काठमाडौं/सन् १९३० बाट सुरु भएको फिफा विश्वकप फुटबलमा एसियाली देश जापान ६८ वर्षपछि पहिलोपटक छनोट भयो । सन् १९९८ को संस्करणदेखि विश्वकपमा सहभागी हुने टोलीको संख्या २४ बाट ३२ बनाएसँगै जापानले विश्वकपमा इन्ट्री पाएको थियो ।

विश्वकपमा सहभागी हुने टोलीको संख्या बढाउँदा त्यो बेला एसिया क्षेत्रको कोटा २ बाट बढाएर ४ पुऱ्याइएको थियो । जसको लाभ जापानले उठायो । त्यसअधिका १५ विश्वकपमा नदेखिएको जापान त्यसपछि भने हरेक विश्वकपमा छनोट हुँदैआएको छ ।

जापानले विश्वकपको गत संस्करणमा बलियो मानिएका जर्मनी र स्पेनलाई पराजित गर्दै विश्वजगतलाई चकित बनाएको थियो । बलिया दुई टोलीलाई हराउँदै अन्तिम १६ मा पुगेको जापान क्रोएसियासँग पेनाल्टी सुटआउटमा पराजित हुँदै बाहिरिएको थियो ।

जापानले विश्वकप खेलेको ७ मध्ये ४ संस्करणमा समूह चरण पार गरेर नकआउटमा पुगेको छ । विश्वकप खेल्ने टोलीको संख्या बढाउँदा पाएको अवसर र जापानी फुटबलको तीव्र विकासका कारण अहिले जापान विश्व फुटबलको स्थायी शक्तिका रूपमा स्थापित भएको छ ।

सुरुवातका १६ संस्करणमा दुई पटक मात्रै विश्वकप खेलेको पोर्चुगलले सन् २००२ पछिका संस्करणमा भने बलियो टोलीका रूपमा आफूलाई स्थापित गरेको छ । विश्वकप खेल्ने टोलीहरूको संख्या बढाउँदा त्यसको फाइदा पोर्चुगलले पनि उठायो । सन् २००२ देखिका सबै विश्वकपमा पोर्चुगल खेल्दै आएको छ । २०२६ सम्म आइपुग्दा पोर्चुगल उपाधि दाबेदारमध्येको एक टोली मानिएको छ । सन् १९३० मा भएको पहिलो फिफा विश्वकपमा १३ देशले सहभागिता जनाएका थिए । २३ औं संस्करणसम्म आइपुग्दा विश्वकपमा सहभागी हुने टोलीको संख्या ४८ पुऱ्याइएको छ । जसले विश्वकपको दायरा त बढाएको छ नै, नयाँ देशहरूलाई विश्वकप फुटबलमा स्थापित हुने अवसर पनि प्रदान गरेको छ ।

अमेरिका, मेक्सिको र क्यानडामा आयोजना हुने फिफा विश्वकप २०२६ मा सहभागी टोलीहरूको संख्या ३२ बाट ४८ पुऱ्याउँदा ४४४ वर्ग किलोमिटर क्षेत्रफल रहेको कुराकाओ छनोट हुन सफल भयो ।

अफ्रिकी राष्ट्र डीआर कंगो र हाइटीले पनि ५२ वर्षपछि विश्वकपमा कमब्याक गर्न अवसर पाए । १९७४ मा पहिलोपटक विश्वकप खेलेका दुवै टोली त्यसयता छनोट हुन सकेका थिएनन् । यसबीचमा पटकपटक अवसर पाएपनि उनीहरू छनोट हुन असफल हुँदै आएका थिए ।

यसपटक विश्वकप खेल्ने टोलीको संख्या बढाउँदा एसिया क्षेत्रबाट छनोट हुने कोटाको पनि वृद्धि भएको छ । यसअघि ५ टोली छनोट हुनेमा यसपटक ८ टोली पुगेका छन् । जसको फाइदा जोर्डन र उज्वेकिस्तानले उठाएका छन् । जोर्डनले छनोट खेल्न थालेको ४० वर्षपछि पहिलोपटक विश्वकपमा छनोट भएको हो ।

सन् १९८६ पछि छनोट हुन नसकेको इराकले पनि ४० वर्षपछि कमब्याकको अवसर पाएको छ । यस्तै, ४४४ वर्ग किलोमिटर मात्रै क्षेत्रफल रहेको देश कुराकाओ र केप भर्डेले पहिलोपटक विश्वकपमा स्पर्धा गर्दैछन् । सन् २००२ देखि विश्वकप छनोटमा सहभागी हुन थालेको केप भर्डे २४ वर्षपछि सपना पूरा गरेको हो ।

यी देशहरूले विश्वकप खेल्न मात्र पाएनन्, विश्व फुटबलमा स्थापित हुने अवसरसमेत प्राप्त गरेका छन् । विश्वकपमा उनीहरूले केही नयाँ प्रतिद्वन्द्वी र केही स्थापित टोलीसँग खेल्ने अवसर पाउनेछन् । जसले विश्वकपमा आफ्नो खेल देखाउँदै प्रदर्शनका आधारमा ती देशका खेलाडीहरूले शीर्ष स्तरका लिग खेल्ने अवसर पनि पाउन सक्नेछन् ।

धेरै देश सहभागी हुँदा विश्वकपप्रति दर्शक र समर्थकको आकर्षण बढ्नेछ । यसले पर्यटन, टिकट बिक्री, प्रसारण अधिकार तथा प्रायोजनबाट पनि थप आम्दानी बढाउनेछ । विश्वकप खेल्न पाउँदा ती देशमा फुटबलको आकर्षणदेखि फुटबल पूर्वाधार सुधारमा पनि महत्त्वपूर्ण सहयोग गर्नेछ ।

विश्वकप खेल्दा टोलीहरूले अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) बाट आर्थिक सहयोग पाउँछन् । जसले त्यस देशको फुटबल विकासमा सहयोग पुग्छ । विश्वकप खेलेको टोली र नखेल्ने टोलीलाई फिफाबाट हुने सहयोग पनि फरक हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# एकल, विपन्न तथा सीमान्तकृत महिलालाई बेसारको बीउ



साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ मानवअधिकारका लागि महिला, एकलमहिला समूहले एकल, विपन्न तथा सीमान्तकृत महिलाको आर्थिक सशक्तीकरणका लागि बेसारको बीउ वितरण गरेको छ ।

हेटौंडा उपमहानगरको आर्थिक सहयोगमा आयोजित कार्यक्रममा उपमहानगरपालिकाको वडा नम्बर ९ र ११ का १५ जना महिलालाई बेसारको बीउ हस्तान्तरण गरिएको समूहकी अध्यक्ष शारदा चौलागाईंले जानकारी दिइन् । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा नम्बर ११ की अध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा वडाअध्यक्ष दाहालले महिलालाई आत्मनिर्भर बनाउन कृषिउत्पादनमा जोडदिन आवश्यक रहेको बताइन् । उनले बेसारखेतीले कम लगानीमा राम्रो आम्दानी दिनसक्ने भएकाले प्राप्त बीउको सदुपयोग गरी व्यावसायिक उत्पादनतर्फ अग्रसर हुन आग्रह गरिन् ।

दाहालले स्थानीय सरकारले महिला, एकलमहिला तथा सीमान्तकृत समुदायको आयआर्जन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै यस्ता कार्यक्रमले महिलाको आर्थिक अवस्था सुधार गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिन् । समूहकी अध्यक्ष चौलागाईंले वितरण गरिएको बीउले लक्षित महिलालाई कृषिउत्पादनमार्फत् आयआर्जनमा सहयोग पुग्ने अपेक्षा व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताइन् ।

# सरकार ढाल्ने....

तर वर्तमान सरकारले सरकारको जरा खनेर ढाल्न खोज्नेलाई सोही खाल्टोमा दबाउन सक्छ । यसरी दबाउनको लागि कुनै देख वा अनदेख शक्तिको उपयोगको पनि जरुरत पर्नेवाला छैन । वर्तमान सरकार ढल्ने अवस्थामा पुग्नको लागि अबको बजेटमा विगतको लामो समयदेखि शिक्षा सुधारका खातिर विभिन्न माग राखेर विभिन्न आन्दोनमा प्रत्यक्ष जोडिएका शिक्षक कर्मचारीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वर्तमानको बालेन सरकाप्रतिको शिक्षकहरुको त्यो विश्वासलाई कायम राख्ने मात्र होइन कि अझै बढावा दिने खालको व्यवस्था भएन भने बालेन सरकारलाई त्यो हलचलले कमजोर बनाउने कुरा निश्चित छ । मसिना झिँजाले मुढो पोल्छ भनेजस्तै आज हरेक नेपाली जनताले मात्र होइन कि लाखौं विदेशीले समेतको बालेनको कामको प्रशंसा गरिरहेका छन् । भनिन्छ, सतीले सरापेको यो देशमा राम्रो तथा देशको भलो हुने काम गर्ने मान्छेको कहिल्यै भलो नहोस् भनेर भीम मल्लकी धर्मपत्नीले उनी सती बनेर चितामा जिउँदै जल्दै गर्दाको बखत दिएको श्राप लागेको छ । त्यसैले बालेन सरकारसमेत धेरै दिन वा पूरा दिन नटिक्ने दाबी गर्नेको पनि दुनियाँमा कमी छैन । तर आखिरमा जे भए पनि बालेन सरकारको विरुद्धमा सत्ताच्यूत हुनुपर्दाको पीडा मानसमा बोकेका विगतका शासकहरु नै लागेका कारणले गर्दा तर बारको धारमा हिँड्दाको जस्तो होसियारी अपनाएर अगाडि बढ्न सकेन र कहीँ कतै मात्र चुकेको खण्डमा खाल्टो गहिरो खनिराख्नै पर्नेछैन कि सानै खने पनि ढल्न सक्ने अवस्था बन्नेछ ।

विशेष गरेर बालेन सरकार सुकुम्बासी व्यवस्थापनका पक्षमा स्पष्ट दृष्टिका साथमा छैनन् भने तिनै सुकुम्बासीको नैतिकताको हतियारले उनको पतन गराएर छोड्नेछ । त्यस कारणले गर्दा प्रधानमन्त्री बालेन साहले मौनता साँधेर होइन कि संसद्लाई उचित तबरले सम्बोधन गरेर आफ्ना प्रतिबद्धतामा चट्टानभैँ दृढ रही अगाडि बढ्नु उचित हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*




## श्री बाल उज्ज्वल माध्यमिक विद्यालय

**हे.उ.म.न.पा.-३, लेवट, मकवानपुर**

## कोटेशन पेश गर्ने सम्बन्धमा ।

*प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१८*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८३/०१/०३ को निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गर्ने प्रयोजनका लागि नेपाल सरकार ले जारी गरेको सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि-२०७६ को अनुसूची १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्यूनतम मापदण्ड बमोजिम उक्त सामाग्री खरिद प्रक्रिया प्रयोजनका लागि सूचिकृत भएको आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरुले सार्वजनिक खरिद नियमावली अनुसार तोकिएको मापदण्डको परिधि भित्र रही गुणस्तरीय सामाग्री उपलब्ध गराउन सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा सिलबन्दी कोटेशन पेश गर्न सम्बन्धित सूचिकृत फर्महरुलाई यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेको कोटेशनलाई दर्ता गरिने छैन । प्राप्त भएका कोटेशन दर्ता गर्ने वा नगर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहने छ ।

**तपशिल:**

| विवरण | फारम दस्तुर | फारम बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति | कैफियत |
|---|---|---|---|---|
| सेनेटरी प्याड खरिद | रु.२००।- | २०८१/०२/२५ | २०८३/०२/२६ | क) तोकिएको मिति र समय पश्चात प्राप्त भएको कोटेशन स्वीकार गरिने छैन । ख) कोटेशन पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । ग) थप जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क राख्न सकिनेछ । |

सम्पर्क : ९८५५०७०९४४, ०५७-४११११० विद्यालय

## श्री निर्मल माध्यमिक विद्यालय

**हे.उ.म.न.पा.-१९, बस्तीपुर, मकवानपुर**

## गोप्य कोटेशन आह्वान सम्बन्धमा ।

*प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१८*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/१२/१६ गतेको निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने रु. ५,७८,८८०/- को सेनेटरी प्याड खरिद गर्नुपर्ने भएकोले उक्त कार्यको लागि यस विद्यालयको मिति २०८२/१२/०४ गतेको सूचना वमोजिम सूचिकृत हुन आएका तपसिलका आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरु मध्येबाट नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनूसूचि १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्युनतम मापदण्ड बमोजिम उक्त सामग्री खरिद प्रकृया प्रयोजनको लागि दररेट सहितको कोटेशन गोप्य रुपमा सिलबन्दी गरी नमुना सेनेटरी प्याड सहित विद्यालयमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा पेश गर्नु हुन सार्वजनिक सूचना आव्हान गरिएको छ । दर्ता हुन आएका कोटशनहरु मिति २०८३।०२।२६ गते दिनको ११:०० बजे सम्बन्धित फर्मका प्रतिनिधिहरुको रोहवर मा खोलिने छ । तोकिएको समयमा प्रतिनिधि अनुपस्थित भएमा पनि शिलबन्धि कोटेशन खोलिने छ ।

**तपशिल:**

| क्र.सं. | फर्महरुको नाम | ठेगाना | सूचि दर्ता नम्बर | कै. |
|---|---|---|---|---|
| 1 | Softy Hygiene Pvt.Ltd. | Hetauda-8, Makawanpur | 37 | |
| 2 | Birat Healthcare Industries Pvt.Ltd. | Budhiganga-2, Morang | 39 | |
| 3 | Jandavi Suppliers | Biratnagar-7 Morang | 40 | |
| 4 | New Tirupati Balaji Udhyog | Budhiganga-2 Morang | 41 | |
| 5 | Platinum Int | Hetauda-11, Makawanpur | 42 | |

थप जनकारीको लागि सम्पर्क नं.: ९८५५०१४७९९

# साहित्यलाई अध्ययन र अनुसन्धानसँग जोड्नुपर्ने निष्कर्ष

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ साहित्यलाई अध्ययन र अनुसन्धानसँग जोड्नपर्ने निष्कर्ष सहित बागमती साहित्य सम्मेलन २०८३ समापन भएको छ ।

'साहित्य, कला र संस्कृतिको प्रवर्द्धन, बागमती सभ्यताको संवर्द्धन' भन्ने नारासहित बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजना एवम् भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको संयोजनमा भएको महोत्सवले साहित्यलाई गोष्ठी र पुरस्कार वितरणमा मात्र सीमित राख्न नहुने निष्कर्ष सहित १३ बुँदे घोषणापत्र जारी गरेको छ । महोत्सवले नेपालका सबै भाषा, साहित्य, सङ्गीत, नाट्यकला, ललितकला तथा संस्कृतिको संरक्षण, अनुसन्धान र प्रवर्द्धनका लागि भएका विमर्श प्रभावकारी रहेको निष्कर्ष निकाल्दै यस्ता महोत्सवलाई निरन्तरता दिन संघीय, प्रदेश, जिल्ला तथा स्थानीय तहका सरकार र प्राज्ञिक संस्थालाई नीति तथा कार्यक्रममा समावेश गर्न आग्रह गरेको छ ।

घोषणापत्रमा गोष्ठी तथा पुरस्कार वितरणमा मात्र केन्द्रित साहित्यिक गतिविधिभन्दा साहित्यलाई नयाँ चेतनाको कोणबाट अध्ययन अनुसन्धान गर्नुपर्ने उल्लेख गरिएको छ । मूर्तिकला, चित्रकला, सङ्गीत, नृत्य, संस्कृति, पर्यावरण र लैङ्गिकता जस्ता विषयसँग साहित्यलाई जोडेर अनुसन्धानलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ । हरेक साहित्यिक उत्सव तथा सिर्जनालाई बहुभाषिक, बहुसांस्कृतिक र समावेशी बनाउँदै विश्वचेतनासँग जोड्ने तथा स्थानीय पहिचान र इतिहासलाई समेटेर कार्यक्रम तथा सिर्जना गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।




देशको विविधता, मौलिकता र सौन्दर्यलाई आत्मसात् गर्दै भाषा, संस्कृति, ललितकला, सङ्गीत, दर्शन, रैथाने ज्ञान र सीपको संरक्षण तथा संवर्द्धनलाई सबै तहका योजनामा समावेश गरी त्यसअनुसार बजेट व्यवस्थापन गर्नुपर्ने सुझाव दिइएको छ । घोषणापत्रमा बागमती प्रदेशलाई आध्यात्मिक, प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले सम्पन्न पर्यटकीय गन्तव्यकारुपमा चित्रित गर्दै साहित्यलाई पर्यटन, पर्यावरण र कृषिसँग जोड्नुपर्ने आवश्यकता औँल्याइएको छ । ग्रामीण तथा सीमान्तकृत समुदायका अलिखित साहित्यलाई दस्ताबेजीकरण गरी तिनका कथा र अनुभवलाई साहित्यमा समेट्नुपर्ने उल्लेख गरिएको छ ।

साहित्यिक उत्सव तथा महोत्सव आयोजना गर्दा भूगोलअनुसारको मौसम र स्थानीय अनुकूलतालाई ध्यान दिनुपर्ने सुझाव दिँदै नयाँ पुस्तालाई साहित्य सिर्जनातर्फ आकर्षित गर्न स्थानीय तह तथा कला साहित्यसम्बद्ध संस्थाबीच सहकार्य आवश्यक रहेको घोषणापत्रमा उल्लेख छ । बालबालिका तथा युवापुस्तामा पठनसंस्कृति विकास गर्न विद्यालय, क्याम्पस, विश्वविद्यालय र सार्वजनिक पुस्तकालयमा साहित्यिक पुस्तक तथा पत्रिका खरिदका लागि निश्चित बजेट व्यवस्था गर्नुपर्ने माग गरिएको छ । साथै कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता प्रविधिको उपयोग साहित्यमा गर्नुपर्ने तर, त्यसले मानवको कल्पनाशक्ति र सिर्जनात्मक क्षमतालाई कमजोर बनाउन नहुनेमा जोड दिइएको छ ।

घोषणापत्रमा संस्कृति, ललितकला, साहित्य र सङ्गीतसँग सम्बन्धित सामग्री, कलाकृति तथा पुस्तकको बिक्री वितरणमा रहेका भन्सार तथा कानुनी जटिलता हटाउनुपर्ने उल्लेख छ । कला तथा साहित्यका कथा, कविता, उपन्यास र नाटकलाई व्यावसायिक उत्पादन, रोजगारी र अर्थतन्त्रसँग जोड्ने गरी परियोजना निर्माण र सहकार्यको वातावरण बनाउनुपर्ने सुझाव दिइएको छ ।

भाषा, साहित्य, ललितकला, नाट्यकला, सङ्गीत तथा दर्शनक्षेत्रमा विद्यमान मौलिक र रैथाने ज्ञान परम्परालाई विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा समावेश गर्न आवश्यक समन्वय गर्नुपर्ने विषयमा घोषणापत्रले जोड दिएको छ । महोत्सवमा बागमती प्रदेशका १३ जिल्लाका साहित्यकार, कलाकार, संस्कृतिकर्मी, अनुसन्धानकर्ता तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

## शैक्षिक सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १८ जेठ/ मोवाइल एसोसिएसन अफ मकवानपुरले १५ औं स्थापना दिवसको अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत शैक्षिक सामग्री सहयोग गरेको छ ।

मकवानपुरगढी गाउँपालिका २ स्थित कालीदेवी आधारभूत विद्यालयमा अध्ययनरत १४० जना बालबालिकालाई विद्यालय झोला वितरण गरिएको हो । एसोसिएसनका अध्यक्ष हरिप्रसाद न्यौपानेको सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । संस्थाले विद्यालयका अभिभावक विहीन तथा आर्थिक अवस्था कमजोर भएका ११ जना विद्यार्थीको अभिभावकत्व समेत ग्रहण गरेको छ । अभिभावकत्व ग्रहण गरिएका ती विद्यार्थीलाई एक वर्षभरि लाग्ने विद्यालय ड्रेस, किताब, कापी र कलमलगायतका सम्पूर्ण शैक्षिक खर्च संस्थाले नै बेहोर्ने भएको छ ।

कार्यक्रममा मोवाइल व्यवसायी महासंघका केन्द्रीय महासचिव छतेन्द्र आचार्य विशिष्ट अतिथिका रुपमा उपस्थित थिए । वडाअध्यक्ष बखानसिंह पाखिन, विद्यालयका प्रधानाध्यापक केशवप्रसाद देवकोटा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर मोक्तान, महासंघका केन्द्रीय सदस्य नवराज चौलागाईं र पूर्वजिल्लाअध्यक्ष दिनेश लामालगायत एसोसिएसनका कार्यसमिति सदस्यको सहभागिता रहेको थियो । स्थापना दिवसलाई केवल उत्सवकारुपमा मात्र नभई ग्रामीण भेगका बालबालिकाको शिक्षामा टेवा पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको संस्थाले जनाएको छ ।

"सफा ट्यांकी, स्वस्थ जिन्दगी"

तपाईको पानी ट्यांकी कत्तिको सुरक्षित छ ?

कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?

याद गर्नुहोस् है

हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।

- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,

साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।



अब तपाईको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौ, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।

छत/भूमिगत पानी ट्यांकी सफाई सेवा


थप जानकारीको लागि

इनर्जेटिक सर्भिसिज प्रा.लि.

९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

## गैर बैकिङ सम्पत्तिहरू लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना !

*सूचना प्रकाशित मिति: २०८३/०२/१९*

यस सहकारी संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैर बैकिङ सम्पत्ति (घर रुजग्गा) सहकारी नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्नका लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त सम्पत्ति गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्ते कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र यस सूचना तथा बोलपत्र फारममा उल्लिखत शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रीय कार्यालय, थाहा नगरपालिका वार्ड नं. ४ थानाबजारमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

**सि.नं. घर/जग्गाधनीको विवरण**

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. ८७५/८८०/४२१/८७४/८७९ को क्षेत्रफल ०-४-०-०/२-०-०-०/२-९-१-०/०-४-०-०/०-९-१-३ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ४ र ५ स्थित कि.नं. ७६८/१०६/४९८/२४२ को क्षेत्रफल २-४-२-२/०-१०-३-१/०-७-३-०/०-०-२-३ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगने गा.वि.स वार्ड नं ७ स्थित कि.नं. ४७५/२२० को क्षेत्रफल २-१३-२-२/८-३-२-१ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं १ स्थित कि.नं. ५२३ को क्षेत्रफल ०-२-१-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पदमपोखरी क्रमश वार्ड नं १, ४, ६ स्थित कि.नं. ४१५९, २७२१, ८२६ को क्षेत्रफल ०-०-११-०, ०-०-८-०, ०-३-९.५-० (विगामा) को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला वसामाडी वार्ड नं ६ स्थित कि.नं. ८२६, ८२७ को क्षेत्रफल ०-१२-०-०, ०-१२-०-० (विगामा) को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला हाडीखोला वार्ड नं ३ स्थित कि.नं. १७२२ को क्षेत्रफल ०-१-०-० (विगामा) को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ७११ को क्षेत्रफल ०-१५-३-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. २१८/२४५ को क्षेत्रफल ०-८-२-२, ०-१२-२-१ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ७७९/७८३ को क्षेत्रफल ०-३-२-१, ०-०-२-२ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ६ स्थित कि.नं. ११४४ को क्षेत्रफल ११-१२-२-१ को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १५८२ को क्षेत्रफल ०-११-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ८ स्थित कि.नं. ९३५ को क्षेत्रफल ५-०-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ३ स्थित कि.नं. २५४ को क्षेत्रफल ३-०-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

मकवानपुर जिल्ला मैत्राङ्ग गा.वि.स वार्ड नं ५ स्थित कि.नं. ११५२, ११५५ को क्षेत्रफल ०-९-०-०, १-९-०-० को जग्गा तथा उक्त कित्तामा बनेको घर लगायत सम्पूर्ण लिगलगापत समेत ।

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरू :**

१. बोलपत्र फारमा संस्थाको केन्द्रीय कार्यालय, थाहा नगरपालिका वार्ड नं. ४ थानाबजारबाट रु ५००।- (अक्षरुपी पाँच सय रुपायाँ मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिने छ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन सहकारीको केन्द्रीय कार्यालय, थाहा नगरपालिका वार्ड नं. ४ थानाबजार आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरी दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको गैर बैंकिङ सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिइनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै व्याज दिइने छैन साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन । बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनु पर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता प्रमाणपत्र, अध्यावधिक भएको सञ्चालक लगत आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
५. रितपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:०० बजे संस्थाको केन्द्रीय कार्यालय, थाहा नगरपालिका वार्ड नं. ४ थानाबजार बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात सहकारी संस्थाले तोकेको मितिभित्र यस सहकारी संस्थामा नगदै जम्मा गरी उक्त सम्पत्ति आफ्नो नाममा दाखिल खारेज/नामसारी गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस सहकारी संस्थामा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरी लिने स्वयमले व्यहोर्नु पर्नेछ । बोलपत्रमा पेश गरेको रकमले सहकारी संस्थाको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा सहकारी संस्था सम्बन्धि प्रचलित ऐन तथा नियमबमोजिम पून सूचना जारी गरी लिलामी प्रक्रियामा जान सक्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
८. सहकारी संस्थाको नाममा रहेको गैरबैकिङ सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस सहकारी संस्थामा निहीत रहने छ ।
९. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा सहकारी संस्थाको केन्द्रीय कार्यालय, थाहा नगरपालिका वार्ड नं. ४ थानाबजारमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
११. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान**

| | |
|---|---|
| बोलपत्र पेश गर्ने अन्तिम मिति | : २०८३/०३/०२ गते र |
| बोलपत्र खोलिने मिति | : २०८२/०३/०३ गते |
| समय | : दिनको ३:०० बजे |
| सिलवन्दी वोलपत्र खोलिने स्थान | : थाहानगरपालिका वार्ड नं. ४ थानाबजार |

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना